# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक नीजि क्षेत्र/ गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको**

**सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।०५।३१**

सुनछहरी गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी/ गैर सरकारी संघ- संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "**सुनछहरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९**" कार्यन्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुबर्षिय/ साल बसाली रुपमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्धमी साझेदारी कार्यक्रम सञ्चालनका गर्नका लागि आबश्यक योग्यता पुगेका इच्छुक निजी तथा गैरसरकारी क्षेत्रका व्यक्ति तथा संस्थाबाट यो सूचना प्रकाशन भएको मितिले १५( पन्ध्र) दिनभित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेवसाइट **Sunchhaharimun.gov.np** बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आबश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न गाउँपालिका बाध्य हुनेछैन।

आशयपत्रका साथ पेश गर्नुपर्ने कागजातहरुः

१. आशयपत्र पेश सम्बन्धी निवेदन
२. संस्थाको दर्ता, करचुक्ता, विगत तीन बर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र( अनुमति पत्र लिनुपर्नेको हकमा)
३. स्थायी लेखा नम्बर
४. साझेदारीको लागि आबश्यक बजेट स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्वता पत्र
५. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति
७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति
८. ब्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
९. विगत साता वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको बिबरण
१०. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्ति वैयक्तिक विवरण

लाल सिंह खड्का
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५ रोल्पा, लुम्बिनी प्रदेशनेपाल
कार्यालयको फोन नं.९८५७८२४०९३ Website:www.sunchhaharimun.gov.np Email :sunchhaharimun@gmail.cominfo@sunchhaharimun.gov.np

■ छैटौं महिला साफ च्याम्पियनसिप

# नेपाललाई ऐतिहासिक जितको अवसर

सन् २०१६ मा भारतसँग पराजित हुँदा पनि अहिलेकै प्रशिक्षक कुमार थापा नै थिए। काठमाडौँमा जारी साफ च्याम्पियनसिपमा पनि प्रशिक्षकको जिम्मा थापाले नै पाएका छन्। अधिकांश खेलाडी पनि सन् २०१६ कै छन्। यसकारण नेपालको दाउ इतिहास दोहोऱ्याउनेभन्दा पनि तोड्ने छ।





२१ भदौको खेलमा भुटानविरुद्ध गोल गरेपछि खुसी मनाउँदै नेपालकी सावित्रा भण्डारी र २५ भदौमा माल्दिभ्सविरुद्ध गोल गरेपछि भारतकी अन्जु तामाङ।

रमेश सुवेदी/ नयाँ पत्रिका

महिला साफ च्याम्पियनसिपको सदावहार च्याम्पियन हो, भारत। यस अर्थमा बलियो टिम भारत नै हो। भारतपछि नेपाललाई बलियो मानिन्छ। यद्यपि, हालसम्म नेपालले भारतलाई साफ च्याम्पियनसिपमा पराजित गर्न सकेको छैन।

भारतले नेपाललाई चारपटक साफ च्याम्पियनसिपको फाइनलमा र एकपटक सेमिफाइनलमा पराजित गरेको छ। सन् २०१६ मा नेपालले सेमिफाइनलमा हार व्यहोरेको थियो। यसपटक नेपाल र भारत साफ च्याम्पियनसिपको सेमिफाइनलमा फेरि भिड्दै छन्। सन् २०१६ मा भारतसँग पराजित हुँदा पनि अहिलेकै प्रशिक्षक कुमार थापा नै थिए। काठमाडौँमा जारी साफ च्याम्पियनसिपमा पनि प्रशिक्षकको जिम्मा थापाले नै पाएका छन्। अधिकांश खेलाडी पनि सन् २०१६ कै छन्। यसकारण नेपालको दाउ इतिहास दोहोऱ्याउनेभन्दा पनि तोड्ने छ।

प्रशिक्षक कुमार थापा इतिहास तोड्न चाहन्छन्। नेपाली घरेलु दर्शकमाझ साफ च्याम्पियनसिपमा पहिलोपटक भारतलाई हराउने उनको दाउ छ। मंगलबार सम्पन्न खेलमा भारत बंगलादेशसँग पराजित भएको थियो। भारतको खराब लयको फाइदा नेपाल उठाउन चाहन्छ। 'भारत अनुभवी टोली हो, तर हामी घरेलु दर्शकमाझ उत्कृष्ट प्रदर्शन गर्न सक्छौँ,' थापाले नयाँ पत्रिकासँग भने।

नेपालको हालसम्म शतप्रतिशत जित समूह 'बी'मा रहेको नेपालले भुटान र श्रीलंकाविरुद्ध शतप्रतिशत जित निकालेको छ। समूह विजेता भन्ने क्रममा पहिलो खेलमा भुटानविरुद्ध ४-० र दोस्रो खेलमा श्रीलंकालाई ६-० ले हरायो। कप्तान एन्जिला तुम्बाप्पो सुब्बाले दुई खेलमा 'क्लिन सिट' राखेकी छिन्।

भारतले भने साफ च्याम्पियनसिपमा पहिलो हार बेहोरेको छ। सुरुवाती दुई खेलमा जित निकालेको भारत अन्तिम खेलमा स्तब्ध भयो। पहिलो खेलमा पाकिस्तानलाई ३-० र दोस्रो खेलमा माल्दिभ्सलाई ९-० ले हरायो। तेस्रो खेलमा बंगलादेशसँग ३-० ले निराश भयो।

साफ च्याम्पियनसिपमा पहिलो हार बेहोरेको भारत नेपालविरुद्ध उही गल्ती दोहोऱ्याउन चाहँदैन। प्रशिक्षक सुरेनकुमार क्षेत्री सचेत छन्। पहिलोपटक भारतीय टोली हेरेका क्षेत्री निराश भएर घर फर्कन चाहँदैनन्। 'नेपाल बलियो टोली हो। हामी नेपालसँग खेल्दै आएका छौँ। घरेलु दर्शकले हामीलाई केही असर गर्न सक्छ। तर, हामी सचेत छौँ,' बंगलादेशविरुद्ध पराजित भएपछि सुरेनले भनेका थिए।

## यस्तो छ इतिहास

सन् २०१० देखि आयोजना भएको साफ च्याम्पियनसिपमा नेपाल र भारतबीच पाँचपटक भेट भएको छ, जसमा भारत हावी छ। फाइनलमा मात्रै नेपाल र भारत चारपटक भिडेका छन्। सबै खेल भारतको पक्षमा छ। सन् २०१६ को चौथो संस्करणमा दुई टोली सेमिफाइनलमा प्रतिस्पर्धा गरेका थिए। जहाँ नेपाल ३-१ ले पराजित भएको थियो। सन् २०१० को फाइनलमा नेपाल भारतसँग १-० ले पराजित भयो। सन् २०१२ मा ३-१ ले पराजित हुँदा सन् २०१४ मा ६-० ले भारतलाई नतिजा सुम्पियो। सन् १०१६ मा सेमिफाइनलबाटै बाहिर भयो। सन् २०१९ मा विराटनगरमा भएको फाइनलमा नेपाल फेरि ३-१ ले पराजित भयो। यता, दक्षिण एसियाली खेलकुदमा समेत भारतले नेपालविरुद्ध सात खेल खेल्दा ६ खेलमा जित र एक खेलमा बराबरी नतिजा निकालेको छ।

### ■ सावित्रा र मञ्जली फर्कनेमा आशावादी

सेमिफाइनलमा श्रीलंकाविरुद्ध नेपालले दुई खेलाडी गुमायो। भुटानविरुद्ध पहिलो खेलमा मञ्जलीकुमारी योञ्जन र श्रीलंकाविरुद्ध सावित्रालाई गुमाउन पुग्यो। दुवै खेलाडी डेंगुका कारण बाहिर रहे। मञ्जली अस्पताल नै भर्ना भइन्। सावित्राले होटेलमै विश्राम गरिन्। दुवै खेलाडी भारतविरुद्ध फर्कने आशा गरिएको छ। प्रशिक्षक थापा खेलाडी फर्कनेमा आशावादी भएको बताउँछन्। यद्यपि, उनि पक्का भने छैनन्।

'दुवै खेलाडी फर्कनेमा आशावादी छौँ। त्यसैले बिहीबार दुवै खेलाडीलाई केही क्षण अभ्यास पनि गरायौँ,' थापाले नयाँ पत्रिकासँग भने। सावित्रा र मञ्जली दुवै नेपालका मुख्य खेलाडी हुन्। स्ट्राइकर सावित्रा विपक्षी टोलीका लागि टाउकोदुखाइको विषय बन्ने गर्छिन्। सावित्राले नेपालका लागि अन्तर्राष्ट्रिय खेलमा ४० गोल गरिसकेकी छिन्। सन् २०१९ मा भएको हिरो गोल्डकपमा नेपालले भारतलाई २-१ ले हराउँदा सावित्राले दुवै गोल गरेकी थिइन्।

### ■ उत्साही भुटानविरुद्ध नयाँ शक्ति बंगलादेश

प्रतियोगिताको पहिलो सेमिफाइनलमा बंगलादेश र भुटान भिड्दै छन्। भुटान साफ च्याम्पियनसिपको इतिहासमा पहिलोपटक सेमिफाइनलमा पुगेको हो। साफ च्याम्पियनसिपमा पहिलो जित निकाल्ने क्रममा भुटानले श्रीलंकालाई ५-० ले पराजित गऱ्यो। सँगै, सेमिफाइनलमा स्थान बनायो। भुटानी टोलीमा उत्साह छाएको छ। उसले बंगलादेशलाई रोक्ने योजना बनाएको छ।

बंगलादेशले भने साफमा राम्रो प्रदर्शन गर्दै आएको छ। एकपटक फाइनल खेलिसकेको बंगलादेशले समूह चरणमा भारतलाई पराजित गर्दै नयाँ इतिहास कोरेको छ। बंगलादेशले पहिलो खेलमा माल्दिभ्सलाई ३-०, दोस्रो खेलमा पाकिस्तानलाई ६-० ले पराजित गरेको थियो। भारतविरुद्ध प्रदर्शन हेर्ने हो भने बंगलादेश महिला साफको नयाँ शक्ति हो। बंगलादेश साफ च्याम्पियनसिपको नयाँ च्याम्पियन बन्ने दाउमा छ।

शुक्रबार सेमिफाइनलका दुई खेल हुँदै छन्। समूह 'ए'बाट बंगलादेश विजेता र पाँचपटकको च्याम्पियन भारत उपविजेता बन्यो। यस्तै, समूह 'बी'बाट नेपाल विजेता र भुटान उपविजेता भयो। पहिलो सेमिफाइनलमा भुटान र बंगलादेश १ बजे भिड्नेछन्। दोस्रो सेमिफाइनलमा आयोजक नेपाल र भारत साँझ साढे ५ बजे प्रतिस्पर्धा गर्नेछन्।



# टेनिस कोर्टबाट अलग्गिने फेडेररको घोषणा

एजेन्सी / टेनिस स्टार रोजर फेडेररले टेनिस कोर्टबाट बिदा लिने घोषणा गरेका छन्। २० पटक ग्रान्डस्लाम उपाधि जितेका ४१ वर्षीय फेडेररले लगातार तीनपटक घुँडाको सर्जरी गर्नुपरेसँगै कोर्टबाट बिदा लिने निर्णय लिएका हुन्।

फेडेररले आगामी साता लन्डनमा हुने लेभर कपबाट सन्न्यास लिने बताएका छन्। स्विस खेलाडी फेडेरर सर्वाधिक २० पटक ग्रान्डस्लाम जित्ने तेस्रो खेलाडी हुन्। उनी खेल अवधिमा सर्वाधिक सफल खेलाडी रहे। फेडेररले अन्तिमपटक विम्बल्डन-२०२१ खेलेका थिए। जहाँ उनी क्वार्टरफाइनलसम्मको यात्रा गरेका थिए।

सन् २०१८ को अस्ट्रेलियन ग्रान्डस्लाम फाइनल फेडेररका लागि अन्तिम रह्यो। 'मेरा टेसिन परिवार, जसले मलाई वर्षभर खेल्न प्रेरणा दिए। म आज केही न्युज सेयर गर्न चाहन्छु। धेरैलाई थाहा छ होला, पछिल्लो तीन वर्ष इन्जुरी र सर्जरीबाट ग्रस्त छु,' फेडेररले भनेका छन्, 'मैले पूरा लय फर्काउन मिहिनेत गरेँ। तर, मलाई थाहा छ। मेरो ज्यानको क्षमता र सीमा। त्यसैले मैले खेलबाट बिदा लिने तय गरेँ।'

फेडेररले स्वास्थ्यमा समस्या आउनुअघि २४ वर्षमा १५ सयभन्दा बढी खेल खेलेको र अब नसक्ने बताए। उनले भने, 'मेरो जीवनीको २४ वर्षे यात्रामा १५ सयभन्दा धेरै टेनिस खेलेँ। टेसिनले नै यहाँसम्म पुऱ्यायो।' फेडेररले श्रीमती मिर्का, प्रशिक्षक, समर्थनलाई साथका लागि धन्यवाद दिएका छन्।

यस्तै, सदावहार प्रतिद्वन्द्वी राफेल नाडाल र नोभाक जोकोभिकलाई पनि सम्झेका छन्।

### ■ टेनिसका राजा

दायाँहाते विश्व नम्बर एक खेलाडी रोजर फेडेररले २० पटक ग्रान्डस्लाम जिते। उनले अस्ट्रेलियन ओपन ६ पटक, फ्रेन्च ओपन एकपटक, विम्बल्डन आठपटक र युएस ओपन पाँचपटक जितेका छन्। यस्तै, सन् २०१२ मा लन्डनमा भएको समर ओलम्पिकमा एन्डी मुरेलाई ६-२ ६-१ ६-४ ले पराजित गर्दै मेन्स सिंगलतर्फ स्वर्ण पदक जितेका थिए। फेडेररले १४ वर्षको उमेरमा स्विट्जरल्यान्डको श्रेणी २ प्रतियोगिताबाट टेनिस सुरुवात गरेका थिए। सन् १९९८ मा १७ वर्षको उमेरमा झाक्ली लाबाड् जीलाई पुरुष एकलतर्फ पराजित गर्दै उपाधि जितेका थिए। यसै साल उनले जुनियरतर्फको अस्ट्रेलियन ओपन जिते। सोही वर्ष विम्बल्डन र युएस ओपनको उपाधिसमेत जितेका थिए।

# पुलिस र आर्मी फाइनलमा

काठमाडौँ/ नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब नवौँ राष्ट्रिय त्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्। फाइनल खेल आज हुनेछ।

एनआरएनए स्पोर्टस् एकेडेमीलाई १३ रनले पराजित गर्दै नेपाल पुलिस क्लब फाइनल प्रवेश गऱ्यो। आउट फिल्ड ओसिलो हुँदा निर्धारित समयमा खेल हुन सकेन र खेल ८ ओभरमा छोट्याइएको थियो। १ सय ११ रनको विशाल लक्ष्य पछ्याएको एनआरएनए आठ ओभरमा ३ विकेट गुमाउँदै ९७ रनमा समेटियो। आक्रामक ब्याटिङ गरेका एनआरएनएका कप्तान सुनम गौतमले २५ बलमा सर्वाधिक ४६ रन बनाए। यस्तै, सागर पुनले ३७ रनको योगदान गरे। सुनम र सागरले ८३ रनको साझेदारी गरे। पुलिसका योगेन्द्रसिंह ऐरीले दुई र पवन सराफले एक विकेट लिए।

यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको पुलिसले निर्धारित ८ ओभरमा ६ विकेट गुमाउँदै १ सय १० रन बनायो। पुलिसका आरिफ शेखले ३६ रन बनाए।

यसबाहेक कप्तान दीपेद्रसिंह ऐरीले २५ रन बनाए। करण केसीले १८ र कुशल भुर्तेलले १२ रन जोडे। एनआरएनएका लागि दिवस गिरीले दुई विकेट लिए। एनआरएनए ४ खेलमा एक जित र तीन खेलमा अंक बाढ्दै समूह 'बी' को विजेता बनेको थियो। पुलिस ५ खेलबाट दुई जित, एक हार र दुई खेलमा अंक बाँड्दै समूह 'ए' को उपविजेता बनेको थियो।

### सेमिफाइनल नखेली फाइनलमा

त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेशबीच बिहान साढे ९ बजे पहिलो सेमिफाइनल खेल हुने तालिका थियो। तर, बुधबार रातिको वर्षाका कारण खेल निर्धारित समयमा हुन सकेन। आउट फिल्ड भिजेपछि दुईपटक समय परिवर्तन गरियो।

आयोजक टिम ओभर घटाएर खेल गराउने तयारीमा पुग्यो। तर, मैदान खेल्न लायक भएन। प्रतियोगिताको नियमअनुसार समूह विजेता भएको आर्मी सेमिफाइनलमा पुग्ने टुंगो लाग्यो। यो निर्णयसँगै आर्मी मैदान नै प्रवेश नगरी फाइनल पुग्न सफल भयो। उपाधि दाबेदार मानिएको बागमती प्रदेश र एपिएफ क्लब वर्षाकै कारण कुनै खेल नखेली प्रतियोगिताबाट बाहिरिएका थिए।

## खेल संक्षेप

### बंगलादेश-नेपालको खेलको टिकट तय

काठमाडौँ/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाल र बंगलादेशबीच हुने मैत्रीपूर्ण खेलको टिकट दर तय गरेको छ। एन्फाले ११ असोजमा दशरथ रंगशालामा हुने खेलका लागि सामान्यतर्फ पाँच सय र भिआइपीतर्फ एक हजार टिकट शुल्क तोकेको हो।

एन्फाले खेल साँझ साढे ५ बजे हुने जनाएको छ। बंगलादेशी टोली ७ असोजमा नेपाल आइपुग्नेछ। फिफा डेमा हुन लागेको खेलका लागि एन्फाले अनुमानित ४८ लाख ६५ हजार खर्च लाग्ने जनाएको छ। गत असार अन्तिम साता कुवेतमा एएफसी एसियन कप खेलेपछि नेपालले पहिलो खेल खेल्दै छ। खेल आयोजनाको संयोजकसमेत रहेका एन्फा उपाध्यक्ष विराटजंग शाहीले खेलाडीलाई व्यस्त राख्न र दुई देशको सम्बन्ध सुधारका लागि खेल हुन लागेको बताए।

### नेपाल यू- २० एसियन कप छनोटमा असफल

काठमाडौँ/ बहराइनसँग ६-० ले पराजित भएसँगै नेपाल एएफसी यू-२० एसियन कप २०२३ छनोट हुन सकेन। बुधबार राति बहराइनसँग पराजित भएसँगै नेपालले तीन खेलबाट कुनै अंक जोड्न सकेन। घरेलु टोली बहराइनविरुद्ध नेपाल पहिलो हाफमै १० खेलाडीमा सीमित भएको थियो। पहिलो हाफमा २ गोल बेहोरेको नेपालले दोस्रोमा ४ गोल भेटेको थियो। बहराइनको जितमा अल खालासी, अब्दुल्लाह, गडबान, अल सुबाइ र मोहम्मदले एक-एक गोल गरेका थिए। यसअघि नेपाल भुटानसँग २-० र कतारसँग ३-१ ले पराजित भएको थियो। अन्तिम खेलमा नेपालले आइतबार बंगलादेशसँग खेल्नेछ।

### प्रधानमन्त्री देउवाले नवौँ खेलकुदको ट्रफी सार्वजनिक गर्ने

काठमाडौँ/ गण्डकी प्रदेशमा आयोजना हुने नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको रनिङ ट्रफी प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक गर्ने भएका छन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले सो ट्रफी नवौँ खेलकुदका विजेता टोलीले पाउने जनाएको छ। विजेताले ट्रफीसहित १० लाख नगद पुरस्कार पाउनेछन्। राखेपले ट्रफी टुरका लागि ओलम्पियन दीपक विष्टको संयोजकत्वमा पाँच सदस्यीय समिति तयार पारेको छ। २८ असोजबाट ३ कात्तिकसम्म हुने प्रतियोगितामा ११ टोलीको सहभागिता रहनेछ।

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक नीजि क्षेत्र/ गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७९।०५।३१

सुनछहरी गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी/गैर सरकारी संघ-संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले **"सुनछहरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९"** कार्यन्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुबर्षिय/साल बसाली रुपमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्धमी साझेदारी कार्यक्रम सञ्चालनका गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी तथा गैरसरकारी क्षेत्रका व्यक्ति तथा संस्थाबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र पेश गर्न आव्हान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेवसाइट sunchhaharimun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न गाउँपालिका बाध्य हुनेछैन।

**आशयपत्रका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. आशयपत्र पेश सम्बन्धी निवेदन
२. संस्थाको दर्ता, करचुक्ता, विगत तीन बर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमति पत्र लिनुपर्नेको हकमा)
३. स्थायी लेखा नम्बर
४. साझेदारीको लागि आवश्यक बजेट स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्दता पत्र
५. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति
७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति
८. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
९. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको बिबरण
१०. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्ति वैयक्तिक विवरण

सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

**कर्मचारी सञ्चयकोषको ६१ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव समर्पित रहने संकल्पसहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दीगो बनाउने प्रतिबद्धता जनाउँदै सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

**क) संख्यात्मक विवरण**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चयकोष | ५ लाख ५५ हजार | २७ हजार ८ सय |
| निवृत्तभरण कोष | ४५ हजार ८ सय ५० | १ हजार ९ सय ५० |

**ख) कोषका कार्यालयहरू:**

- **केन्द्रीय कार्यालय** : पुल्चोक, ललितपुर **ठमेल कार्यालय** : त्रिदेवीमार्ग, ठमेल
  **लगनखेल कार्यालय** : लगनखेल, ललितपुर
- **शाखा कार्यालयहरू:** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- **सेवा केन्द्रहरू:** धनकुटा, सिंहदरवार र लगनखेल

**ग) आर्थिक वर्ष २०७८/७९ को वित्तीय अवस्था:**

| | | | |
|---|---|---|---|
| सञ्चय कोष | रू. ४१६ अर्ब ३६ करोड | निवृत्तभरण कोष | रू. ३ अर्ब १७ करोड |
| जगेडा कोष तथा बचत | रू. ३४ अर्ब २० करोड | दायित्वहरू | रू. ५ अर्ब ७० करोड |
| कूल स्रोत | रू. ४५९ अर्ब ४३ करोड | कूल लगानी | रू. ४४८ अर्ब ६४ करोड |

**घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरू:**

**ब्याज तथा मुनाफा** : सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याज दर ८ प्रतिशत (आ.व. २०७९/८०), सञ्चय कोषमा मुनाफा ०.९० प्रतिशत (आ.व. २०७८/७९ मा वितरित)

**सापटी सुविधा**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरलचक्र कर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रु १ करोडसम्म | रु १० लाख देखि रु २५ लाखसम्म | अधिकतम रु ३० लाखसम्म | अधिकतम रु. २५ लाखसम्म | अधिकतम रु. १ करोडसम्म |
| ब्याजदर (आ.ब. ०७९/८० को लागि) | ९.१० प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत |

**ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासिक रुपमा पाकेको ब्याजमा ०.२५ प्रतिशतले छुट दिने व्यवस्था गरिएको।

**योगदानरहित सामाजिक सुरक्षा सुविधाहरू**

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना** : सञ्चयकर्तालाई साधारण रोग लागि उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू. १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने।
- **सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम** : प्रति प्रसुति रू.७ हजार ५ सय,
- **दुर्घटना क्षतिपूर्ति योजना** : निज वा निजको हकवालालाई रू.२ लाख,
- **काजकिरिया अनुदान** : हकवालालाई आर्थिक अनुदानस्वरूप रू.४० हजार प्रदान गरिने।

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर, फोन नं.: ५०१०१६५, ५०१०१६६
Website: www.epfnepal.com.np
Call Center: 5970041

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com